# ५

# करारमा प्रस्तुत गरेको विश्वास अर्थात् आस्था

***यस अध्यायका मूल पदहरू*** :गलाती ३:१-१४ ,रोमी १:२ ,रोमी ४:३ , उत्पत्ति १५:६ ,उत्पत्ति १२:१-३ ,लैव्य १७:११ ,२ कोरन्थी ५:२१।

***स्मरण गर्नु पर्ने पदः*** "व्यवस्थाको श्रापबाट येशूले हामीलाई स्वतन्त्र गर्नु भएको छ। हाम्रै निम्ति उहाँ श्रापित भएर हामीलाई त्यसको बोझबाट मुक्ति दिनुभएको थियो। किनभने लेखिएको छ ,"जो मानिस रूखमा झुन्डयाइन्छ त्यो मानिस श्रापित होस्"- गलाती ३:१३ रूपान्तरित।

"एउटा सानो केटोले सानो काठको डुँगा बनायो। त्यसलाई रङ्ग लगाएर राम्रो देखिने गरि सजाएको थियो। तब एक दिन कसैले त्यो डुँगा चोरेर लग्यो। आफ्नो डुँगा हराउँदा त्यो बालक अत्यन्त दुःखी भएको थियो। जब ऊ एक दिन पुरानो सामान बेच्ने पसलमा घुम्दै थियो ,उसले आफ्नो डुँगा त्यहाँ देख्यो। खुशी भएर त्यस पसलको साहुलाई गएर भन्यो ,"साहुजी त्यो त मेरो डुँगा हो। ""अहँ "त्यस साहुले भन्यो ,"त्यो मेरो हो ,किनभने त्यसलाई मैले किनेको छु। ""हो ,तर त्यो मेरो हो, किनभने त्यसलाई मैले नै बनाएको हुँ। ""होला ,यदि तिमीले मलाई दुईसय रूपैया दियौ भने त्यो तिम्रै हुनेछ। " त्यस साहुले हँसिलो भएर भन्यो। त्यो केटोको निम्ति दुईसय रूपैया धेरै थियो। तै पनि त्यो डुँगा आफ्नै बनाउन उसले निर्णय गरे। उसले घाँस काटेर, विभिन्न कामहरू गरेर पैसा कमायो। ऊसँग अब डुँगा किन्ने पैसा पुगेको थियो।

पैसा जम्मा गरेपछि दगुरेर त्यो ठिटो पसलमा गयो र भन्यो ,"मेरो डुँगा मलाई दिनुहोस्। "उसले पैसा तिरेर आफ्नो डुँगा पायो। उसले त्यस डुँगालाई अँगालो मारेर पनि चुम्वा खायो। उसले भन्यो ,"हे प्यारो सानो डुँगा ,म तिमीलाई कस्तो माया गर्छु होइन त ?तिमी मेरो हो। दुई पटक र तिमी मेरो भएकाछौ। मैले तिमीलाई बनाएँ र अहिले तिमीलाई किनें।"

**" त्यस्तै स्थितिमा हामी पनि छौं। साँच्चै भनौं भने हामी परमेश्वरका दुई पल्टका हौं। उहाँले हामीलाई सृष्टि गर्नुभयो ,अनि हामी शैतानको पसलमा सजिन पुग्यौं। अनि येशू आउनुभएर महँगो सुन चाँदी तिरेर होइन बरू उहाँको बहुमूल्य रगत तिरेर हामीलाई किन्नुभयो। सृष्टिको कारण र मुक्ति दिनुभएको कारणले हामी परमेश्वरका हौं।"- विलियम मोजस टिडवेल ,प्वाँइन्टेड**

इलस्ट्रेसनस् ,(कानसास सिटी ,मसुरी ,बिकन हिल प्रेस ,१९५१(, पृ. ९७बाट रूपान्तरित।

## १. जति सिकाए पनि नबुझ्ने गलातीहरू (गलाती ३:१-५)

गलाती ३:१-५मा पावलले उल्लेख गरे अनुसार हामी पनि त्यहि आत्मिक धरापमा पर्न सक्ने सम्भावना छ। तर त्यो धरापमा हामी पनि परिरहेका हुन सक्छौं भन्ने खतराको घण्टी बजेको कसरी हामीले थाहा पाउने ? (सुरूमा हामी ठीक बाटोमा लाग्छौं तब विस्तारै विस्तारै व्यवस्थाको रितिथितिलाई पालन गरेमात्र हाम्रो मुक्ति संभव छ भन्ने धारणाले अभिप्रेरित हुन्छौं र येशूको क्रुसलाई पन्छाउन थाल्दछौं(। हेर्नुहोस्ः “१ हे मूर्ख गलाती हो, कसले तिमीहरूलाई मोहनी लाएर वशमा पार्‍योरू तिमीहरूका आँखाकै सामुन्ने येशू ख्रीष्ट क्रूसमा टाँगिनुभएको कुरा स्पष्ट रूपले वर्णन गरिएको थियो। २ यति मात्र म तिमीहरूलाई सोध्न चाहन्छु, तिमीहरूले पवित्र आत्मालाई व्यवस्थाका कामहरूद्वारा पायौ, कि सुनेका वचनमा विश्वास गरेर ३ के तिमीहरू यति मूर्ख छौ, कि आत्मामा सुरु गरेर शरीरमा शेष गर्दैछौ ४ के यतिका दुःख तिमीहरूले व्यर्थमा भोग्यौ तर यदि यो साँच्चै व्यर्थमा भयो भनेता। ५ जसले तिमीहरूलाई पवित्र आत्मा दिनुहुन्छ, र तिमीहरूका माझ आश्चर्यकर्महरू गर्नुहुन्छ, के यो सबै उहाँले व्यवस्थाका तिमीहरूका कामको कारणले गर्नुभएको हो, कि सुनेका वचनमा तिमीहरूले विश्वास गरेको कारणले हो"

**पद १ मा पावलले ती गलातीहरूलाई “मूर्ख "भनेर सम्बोधन गरेको शब्दलाई धेरै आधुनिक अनुवादकहरूले अनुवाद गर्न खोजेको पाउँछौं। पावलले ग्रीक भाषामा यो शब्द प्रयोग गरेको त झन कडा थियो। उनले प्रयोग गरेको शब्द आनोटोइ (anoetoi) हो। यो शब्द ग्रीक भाषाको दिमाग वा मगज nous (नुस) भन्ने शब्दबाट आएको हो। यसको साँच्चिक्कै अर्थचाहिँ “दिमाग वा मगज नभएको "भन्ने जनाउँछ। गलातीहरूले दिमाग लगाइरहेका वा सोचिरहेका थिएनन् भनेर त्यस शब्दले देखाउँदछ। पावल फेरि त्यत्ति मात्रै भनेर रोक्दैनन्। गलातीका विश्वासीहरू मूर्खतामा लागेको हुनाले कुनै जादु टुनामुना गर्ने जादुगरहरूले त उनीहरूको दिमागमा मन्त्र फुकिदिएको छ कि क्याहो भनेर पावलले आश्चर्य व्यक्त गर्दछन्। “कसले तिमीहरूलाई मोहनी लगायो वा तिनीहरूको प्रचारले तिमीहरूलाई लठ्ठ पार्‍यो?" भन्दै पावल दिक्क भएर गलातीहरूलाई सोध्दछन्। गलातीहरूको बीचमा शैतानले नै काम गरीरहेको छ भनेर पावलले प्रयोग गरेका शब्दहरूबाट हामी बुझ्छौं) २ कोरन्थी ४:३,४ मा पावलले भन्दछन् "३ हाम्रो सुसमाचार घुम्टोले ढाकिएको भए तापनि यो नष्ट**

हुनेहरूका निम्ति मात्र घुम्टोले ढाकिएको छ। ४ तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून्‌भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ।")।

पावलको प्रचारबाट खुशी भएर गलातीहरू बप्तिस्मा लिएर इसाई भएका थिए ,तर अरूको बहकावमा लागेर सुसमाचारको बाटोबाट भ्रष्ट भएर विश्वास छोडेको देख्दा उनी अचम्मित भएका थिए। मुक्तिको जग येशूकै क्रुसमा छ भनेर गलातीहरूलाई पूरा थाहा थियो। यो सन्दर्भमा उनीहरूले चुक्ने सम्भावना नै थिएन। गलाती ३ः१मा भन्दछ ,"हे मूर्ख गलाती हो ,कसले तिमीहरूलाई मोहनी लाएर वशमा पारेको छ ?तिमीहरूका आँखाकै सामुन्ने येशू ख्रीष्ट क्रुसमा टाँगिनुभएको कुरा स्पष्ट वर्णन गरिएको थियो। "“स्पष्ट वर्णन "भनेको “चित्रण गरिएको“ ,"प्रस्तुत गरिएको "वा “भित्ते विज्ञापन "भनेर अनुवाद गरिएकाछन्। बाईबलको समयमा सबै सार्वजनिक सूचना घोषणा गर्न ती माध्यमहरू प्रयोग गरिन्थ्यो। गलातीहरूलाई पावलले क्रुसमा टाँगिएको येशूको बारेमा जल्दोवल्दो वा स्पष्ट तरिकाले यस्तरी प्रचार गरेका थिए कि ती गलातीहरूको मगजको आँखाले देख्न सकेका थिए)१ कोरन्थी १ः२३ ,१ कोरन्थी २ः२(। साँच्चै भनौं भने ,ती गलातीहरूको क्रियाकलापले तिनीहरू येशूको क्रुसबाट पछि हटिरहेका थिए भनेर पावलले चिन्ता व्यक्त गरेका थिए भनेपनि हुन्छ।

येशूलाई विश्वास गर्नुभन्दा अघि ती गलातीहरूको अवस्था कस्तो थियो र विश्वास गरेपछि कस्तो भयो भनेर तिनीहरूले अनुभव गरेको उल्लेखनीय फरक तिनीहरूले याद गरुन् भनेर पावलले औंल्याइरहेको हामी पाउँछौं। पावलले तिनीहरूलाई केही प्रश्नहरू सोधेर नै तिनीहरूको जिज्ञासा जगाउन खोजेको देखिन्छ। तिनीहरूले पवित्र आत्मा कसरी पाए त ?अर्थात् पहिले, तिनीहरू इसाई कसरी भए त ?तिनीहरूलाई परमेश्वरले पवित्र आत्मा किन दिनुभयो त भनेर पनि पावलले अलिकति भिन्न तरिकाले सोध्दछन्। के तिनीहरूले धर्मकर्म वा रितिथिति पालन आदि गरेर आर्जन गरेको आत्मा हो त ?तिनीहरूको व्यक्तिगत प्रयासले पवित्र आत्मा पाएको कदापी होइन भनेर पावलले स्पष्ट रूपमा ठोकुवा गरेर भनेको हामी पाउँछौं। बरू येशूले तिनीहरूको निम्ति के गर्नुभयो भन्ने सुसमाचार सुनेर विश्वास गरेपछि पवित्र आत्मा तिनीहरूमा खनाइएको थियो। सुरुमा गलातीहरूले राम्रै गरेका थिए। तर पछि मुक्ति पाउन आनिवानी वा आचरणमा भरपर्नुपर्छ भनेर तिनीहरूलाई कसले सिकायो?

"म असलै छु ,मेरो मनमा पाप छैन ,अरू भन्दा म भलाद्मी छु भन्दै आफूलाई कतिपटक स्यावास दिइरहनुहुन्छ?" म पक्का इसाई हुँ। म यो गर्दिन ,त्यो गर्दिन आदि भन्दै मुक्तिको लागि योग्य बन्न खोज्दैछु भनेर भित्री

मनमा के सोचीरहनुभएको छ ?आफूले आफूलाई नै श्यावास दिने नियत किन गलत छ?

## २. बाइबलको ज्ञानमा जरा गाड्नु

अहिले सम्म पावलले आफ्नो पत्रमा गलातीहरूलाई विश्वासद्वारा निर्दोष वा धर्मी ठहरिन्छ भन्ने सुसमाचारको पक्षमा बोलिरहेका थिए। येरुशलेममा रहेका प्रेरित अर्थात् येशूका चेलाहरूसँग पावल सहमत भइसकेका थिए )गलाती २:१-१०(। व्यक्तिगत रूपमै गलातीहरूले येशूप्रतिको विश्वासमा कसरी अनुभव गरेका थिए भनेर पावलले औंल्याएका थिए गलाती ३:१-५। आफूले प्रचार गरेको सुसमाचारको समर्थन जुटाउन अब पावल बाइबललाई पल्टाउन थाल्दछन्। चरणवद्ध रूपमा सूची तयार गर्दै आफूले प्रचारप्रसार गरेको सुसमाचारको जग बाइबलमै छ भनेर पावलले आफ्नो कामको अन्तिम अनुमोदन त्यहीँबाट पाएको भनेर दावी गर्दछन्। यो सूची गलाती ३:६-४:३१मा पावलले गरेका प्रगतिशील तर्क बाइबलमै आधार भएको पाइन्छ।

**बाइबल "अर्थात् “धर्मशास्त्र "भनेर गलाती ३:६-८मा सम्वोधन गर्दा पावलको भनाइ के थियो?हेर्नुहोस् :रोमी १:२ ,रोमी ४:३ ,र रोमी ९:१७ पनि।**

**गलाती ३:६-९ " ६ अब्राहामलाई नै हेर, “उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो।” ७ यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्। ८ परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई “तिमीमा नै सबै जातिले आशिष्पाउनेछन्” भन्ने सुसमाचार अघिबाटै सुनायो। ९ यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष्पाएका छन्।", रोमी १:१,२ " १ म पावल, येशू ख्रीष्टको दास, प्रेरित हुनलाई बोलाइएको, र परमेश्वरको त्यस सुसमाचारको निम्ति अलग गरिएको हुँ, २ जुन सुसमाचार उहाँले अघिबाटै आफ्ना अगमवक्ताद्वारा पवित्र धर्मशास्त्रमा प्रतिज्ञा गर्नुभएको थियो।", रोमी ४:१-३ " १ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। *३ किनकि पवित्र-शास्त्रले के भन्छ? “अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।”* ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि**

**भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ।" र रोमी ९:१७ " कि धर्मशास्त्रले फारोलाई भन्छ, "म मेरो शक्ति तिमीमा देखाऊँ, र सारा पृथ्वीमा मेरो नाउँको घोषणा गरिओस्भन्ने अभिप्रायले मैले तिमीलाई खड़ा गरें।"**

जब पावलले गलातीहरूलाई पत्र लेखेका थिए त्यसबेला "नयाँ करार " थिएन भन्ने कुरा थाहापाउनु महत्त्वपूर्ण छ। नयाँ करारको सवभन्दा प्रथम लेखक नै पावल थिए। येशूको बारेमा वर्णन गरिएका प्रथम् चारवटा सुसमाचारका पुस्तकहरूमा मर्कूस सब भन्दा पहिलो हुन सक्दछ। तर यो पावलको मृत्यु हुने समयमा लेखिएको थियो। मर्कूसको सुसमाचार ई.स. ६५मा लेखिएको थियो। यो पुस्तक पावलले गलातीहरूलाई पत्र लेखेको १५ वर्ष पछि लेखिएको हुनसक्छ। त्यसकारण जब पावलले आफ्ना पत्रहरूमा धर्मशास्त्र भनेर उल्लेख गर्दछन् तब त्यो केवल पुरानो करार नै उनको मनमा थियो।

पावलको शिक्षादीक्षामा पुरानो करारले उल्लेखनीय भूमिका खेलेको थियो। पुरानो करार निकम्मा वा अर्थहीन भइसकेको थियो भनेर पावलले कहिल्यै पनि ठानेको थिएन। बरू पुरानो करार परमेश्वरको जीवित र आधिकारिक वचन हुन् भनेर पावलले विश्वास गरेका थिए। २ तिमोथी ३:१६मा पावलले लेख्दछ ,"सबै धर्मशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो। "प्रेरणा भन्ने शब्द ग्रीक भाषाको थीयोपन्युसटोस )theopneustos) हो। "थीयो"को अर्थ परमेश्वर हो। त्यो शब्दको दोश्रो अंशको अर्थ ,"परमेश्वरले सास फुक्नुभएको "भनेर जनाउँछ। यसको अर्थ बाइबल परमेश्वरले नै फुक्नु भएको वचन हो। येशू नै प्रतिज्ञा गरिएको अनुसार मसीह हुनुहुन्छ )रोमी १:२(, इसाई जीवनशैली कसरी अपनाउनुपर्छ भनेर मार्गनिर्देशन दिन )रोमी १४:८-१० (र आफूले सिकाएका शिक्षादीक्षा सत्य हुन् गलाती ३:८,९ भनेर आफ्नो कामको मूल्य तथा मान्यता देखाउन पावलले बाइबल वा पुरानो करार नै प्रयोग गरेका थिए।

आफ्ना तर्कहरूलाई स्पष्ट पार्न पावलले पुरानो करारबाट कति सय अंश उद्धृत गरेको थियो भनेर गन्न सजिलो छैन। उनको छोटो पत्र तितस र फिलोमनमा बाहेक पावलका सम्पूर्ण पत्रहरूमा पुरानो करार वा नियमका अंशहरू उद्धरण गरेको पाइन्छ।

**गलाती ३:१-१५ ध्यानपूर्वक पढ्नुहोस्। त्यहाँ पुरानो करारबाट कति पदहरू ती पदहरूमा उद्धरण गरिएका छन् ? पुरानो नियमको आधिकारिकताको बारेमा त्यसले के भन्दछ? हेर्नुहोस्: " १ यसकारण स्वर्गबाट बोलावटमा सहभागी भएका पवित्र भाइ हो, हामीले दृढ़ स्वीकार गरेका प्रेरित तथा प्रधान पूजाहारी येशूलाई विचार गर। २ उहाँलाई नियुक्त गर्नुहुनेप्रति येशू विश्वस्त**

हुनुहुन्थ्यो, जसरी मोशा पनि परमेश्वरको परिवारमा विश्वस्त थिए। ३ मोशाभन्दा येशू अझ बढ़ी गौरवशाली ठहरिनुभयो, जसरी घरभन्दा घर बनाउनेको बढ़ी आदर हुन्छ। ४ किनभने हरेक घर कुनै न कुनै मानिसबाट बनाइएको हुन्छ, तर सब थोक बनाउने त परमेश्वर नै हुनुहुन्छ। ५ अब भविष्यमा बोलिने कुराका गवाहीको निम्ति मोशा परमेश्वरका सारा घरानामा दासको रूपमा विश्वस्त थिए। ६ तर ख्रीष्टचाहिँ परमेश्वरका घरानामा पुत्रको रूपमा विश्वस्त हुनुहुन्थ्यो। यदि हाम्रो आशामा हामीले आफ्नो भरोसा र गौरव अन्त्यसम्मै थामिराख्यौं भने हामी उहाँका परिवार हौं। ७ यसकारण पवित्र आत्मा भन्नुहुन्छ, "आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने, ८ उजाड-स्थानमा परीक्षाको समयमा विद्रोहका दिनमा गरेजस्तो आफ्ना हृदयलाई कठोर नपार, ९ जहाँ तिम्रा पुर्खाहरूले मेरो परीक्षा गरे, र चालीस वर्षसम्म मेरा कामहरू देखे। १० यसकारण त्यस पुस्तासँग म क्रोधित भएँ, र भनें, 'तिनीहरूका हृदय सधैं बरालिन्छन्, तिनीहरूले मेरा मार्ग चिनेका छैनन्।' ११ यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्'।" १२ भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढ़ा नलैजाओस्। १३ जबसम्म "आजको दिन" भन्ने कुरा छ, तबसम्म एउटाले अर्कालाई अर्ती देओ, र पापको छलछामले तिमीहरू कसैको हृदय कठोर नहोस्। १४ यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढ़तासाथ थामिराख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौं। १५ धर्मशास्त्रले भन्दछ, "आजै तिमीहरूले उहाँको शब्द सुन्यौ भने विद्रोहका दिनमा जस्तै गरी आफ्नो हृदय कठोर नपार।"

के बाइबलको कुनै भाग प्रेरित भएको छ र कुनै छैन भनेर तपाईं सोच्नुहुन्छ ?यस्तो खालको सोचाइ किन खतरापूर्ण छ भनेर पावलले व्यक्त गरेको २ तिमोथी ३:१६ले कसरी देखाउँदछ?

## ३. निर्दोष वा धर्मी भनेर फैसला गरिएको

पावलले आफ्नो सुसमाचारलाई ठम्याउन प्रथम् पटक अब्राहमको उदाहरणलाई किन प्रयोग गरिएको ,के तपाईंलाई थाहा छ ?हेर्नुहोस्: गलाती ३:६-९ " ६ अब्राहामलाई नै हेर, "उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो।" ७ यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्। ८ परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई "तिमीमा नै सबै जातिले आशिष्पाउनेछन्" भन्ने सुसमाचार

**अघिबाटै सुनायो। ९ यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष्पाएका छन्।"**

यहूदीहरूको निम्ति अग्रज पुर्खा अब्राहम अत्यन्त महत्त्वपूर्ण व्यक्तित्व थिए। उनी यहूदी धर्मको केन्द्रविन्दु थिए। उनी यहूदी जातिका पितामात्र थिएनन्, सच्चा यहूदी कस्तो हुनुपर्छ भनेर पावलको समयमा पनि उनको अनुकरणीय उदाहरणलाई औंल्याइन्थ्यो। अब्राहमको चरित्रको दामी गुण भनेकै आज्ञा पालन गर्ने थियो भनेर धेरैले विश्वास गरेका थिए। परमेश्वरको निर्देशन वा आज्ञा पालन गरेकै कारण उनलाई परमेश्वरले धर्मी भनेर इन्साफ गर्नुभएको थियो भनेर मान्दथे। परमेश्वरकै निर्देशन अनुसार आफ्नो कुल घर र त्यस घरका परिवारलाई छोडेर कहिल्यै नदेखिएको देशमा उनी गएका थिए। परमेश्वरकै निर्देशन अनुसार उनी साथै आफ्ना परिवारका सबै पुरुषहरूको खतना गरिएको थियो। परमेश्वरकै आज्ञा मुताविक आफ्नो प्रिय पुत्रलाई बलि चढाउन तयार भएका थिए। यो नै आज्ञाकारिताको उत्कृष्ट वा अत्यन्त महान् उदाहरण थियो। ती कुराहरूलाई मध्य नजर राखेर साथै खतनाको बिधिको आवश्यक्तालाई औंल्याएर पावलको बिरोधीहरूले उनको खिलाफमा वादविवाद गरेका थिए।

तर अब्राहम ,व्यवस्था पालनको होइन बरू विश्वासको उत्कृष्ट उदाहरण हो भनेर पावलले गलातीको पत्रमा नौ पटक उल्लेख गरेर उनको बिरोधीहरूको मुख थुनिदिएका थिए।

पावलले **उत्पत्ति १५ः६लाई उद्धृध गरेको पदलाई सोच्नुहोस्। "विश्वासले वा परमेश्वरको वचनलाई पत्यार गरेको हुनाले अब्राहम धर्मी ठहरिए "भनेको अर्थ के हो ?यी पदहरू पनि हेर्नुहोस् ःरोमी ४ः१-२५ " "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।"** ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो **उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।" ९ के यो आशीर्वाद खतनावालहरूका निम्ति मात्र हो? कि बेखतनावालहरूका निम्ति पनि हो?**

अब्राहामको निम्ति त उनको विश्वास नै धार्मिकता गनिएको थियो भनी हामी भन्दछौं। १० तब कसरी यो उनको निम्ति धार्मिकता गनियो? उनको खतना हुनभन्दा अघि वा पछि? उनको खतना भइसकेपछि होइन, तर अघि। ११ खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरूप उनले खतना पाएका थिए। खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता होऊन्‌भन्ने उद्देश्यले यो भएको हो। १२ उनी ती खतनावालहरूका पनि पिता हुन्, जसका खतना भएको मात्र होइन, तर जसले विश्वासको त्यही नमूनालाई पछ्याउँछन्, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थियो। १३ संसारको उत्तराधिकारी हुनलाई अब्राहाम र उनको वंशलाई दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको होइन, तर विश्वासको धार्मिकताद्वारा आएको हो। १४ यदि व्यवस्था पालन गर्नेहरू मात्र उत्तराधिकारी हुन्छन्‌भनेता विश्वास रद्द र प्रतिज्ञा व्यर्थ हुन्छ। १५ किनभने व्यवस्थाले क्रोध ल्याउँछ, तर जहाँ व्यवस्था छैन त्यहाँ अपराध पनि हुँदैन। १६ त्यसैले यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर अब्राहामका सबै वंशहरूका निम्ति पक्का होस्। यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरूका निम्ति मात्र नभएर अब्राहामको जस्तो विश्वासमा हुनेहरूका निम्ति पनि हो, किनकि अब्राहाम हामी सबैका पिता हुन्। १७ जसो लेखिएको छ, "मैले तिमीलाई धेरै जातिहरूका पिता बनाएको छु।" जुन परमेश्वरमाथि अब्राहामले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन्। उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ। १८ "तिम्रा सन्तान पनि यस्तै असंख्य हुनेछन्" भनेर परमेश्वरले भन्नुभएअनुसार, आशा पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे, र यसरी उनी धेरै जातिहरूका पिता बने। १९ प्रायः सय वर्ष पुगिसकेका अब्राहाम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि विश्वासमा कमजोर भएनन्। २० परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए। २१ प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो। २२ यसैकारण पनि उनको विश्वास "उनको निम्ति धार्मिकता गनियो।" २३ धार्मिकता "गनिएको हो" भन्ने यो वचन उनैको खातिर मात्र लेखिएको होइन, २४ तर हाम्रा निम्ति पनि हो। हामी जसले येशू हाम्रा प्रभुलाई मरेकाहरूबाट जीवित पार्नुहुनेमाथि विश्वास गर्छौं, यो हाम्रा निम्ति पनि गनिनेछ। २५ उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो।"

निर्दोष सावित भएको भन्ने शब्द वकिलहरूले प्रयोग गर्दछन्। व्यापारी मानिसहरूको दोषलाई सफाई दिन पनि त्यहि शब्द प्रयोग गरिन्छ। निर्दोष भन्ने शब्द प्रतीक हो जसमा अपराध गर्नेले सफाया पाएको देखाउँछ।यसको अर्थ “भुक्तान गरिएको "वा “कसैको खातामा रकम जम्मा गरिएको भनेर पनि " जनाउँछ। “धार्मिकता वा निर्दोष गनिएको "भन्ने गलाती ३:६मा उल्लेखित लवज )शब्दहरू (पनि कानूनी हिसाबले प्रयोग गरिएको थियो। अब्राहमकै सन्दर्भलाई जोडिएर यो शब्द ११ पटक अरू पदहरूमा प्रयोग गरिएका छन्। बाइबलका अरू अनुवादहरूमा यो “गनिएको "वा “खातामा जम्मा गरिएको " शब्दलाई “धर्मी भनेर फैसला गरिएको "भनेर उल्लेख गरेका छन्।

हाम्रो जीवनको खातामा परमेश्वरको धार्मिकता वा भलाई जम्मा गरिएको छ भनेर पावलको भाषा हो। तर कुन आधारमा परमेश्वरले हामीलाई धर्मी ठहराउनुहुन्छ त ?आज्ञा पालन गरेर हिंडेको हुनाले त कदापी होइन। पावलको बिद्रोहीहरूले उनीप्रति जे लान्छना लगाएतापनि बाइबलको अनुसार विश्वास गरेकै कारणलले अब्राहम धर्मी ठहरियो भनेर उनले स्पष्ट पार्दछन्।

बाइबलले सफासँग भन्दछ :अब्राहमले आज्ञा पालन गरेकै कारणले उनी धर्मी वा निर्दोष सावित भएको होइन। बरू उनी धर्मी वा परमेश्वरको अगाडि सत्य ठहरिएकै कारणको परिणामले उनले आज्ञा पालन गर्न थालेका हुन्। परमेश्वरको अगाडि धर्मी वा सत्यवादी ठहरिन उनले केहि पानि काम गरेका थिएनन् ,वा उनले धर्मकर्म गरेर धर्मात्मा बन्न गएन। तर जे जति असल काम वा परमेश्वरको निर्देशनलाई पालन गरेर हिंडे त्यो उनी धर्मी ठहरिएकै कारणले गरेको थियो। परमेश्वरको सामु धर्मी ठहरिन्दा उनको आज्ञालाई शिरोपर गरेर हिंड्छ त्यसलाई पन्छाएर होइन।

**यसको अर्थ के हो ,गहिरिएर सोच्नुहोस् :तपाईंले केहि गरेको कारणले तपाईं धर्मात्मा ठहरिएको होइन न त पाप मुक्त भनेर घोषणा गरिएको हो ,तर तपाईंको निम्ति येशूले जे गर्नुभयो त्यसैको कारणले हो। यो एकदम शुभ समाचार होइन त ?यो आत्मज्ञानलाई तपाईंले कसरी आत्मसात् गर्नुहुन्छ, अर्थात् विश्वासद्वारा धर्मी ठहरिने यो वरदान तपाईं व्यक्तिको लागि हो, तपाईंको विगत र वर्तमान जीवन संघर्षसँग त्यसको सरोकार छैन?**

## ४. परमेश्वरको अनुग्रहद्वारामात्रै मुक्ति पाइएको थियो भन्ने पुरानो करारमा उल्लेखित सुसमाचार

“धेरै समय अघि नै धर्मशास्त्र बाइबलमा यो लेखिएको थियो कि गैर-यहूदी वा अन्य जातिहरूले परमेश्वरलाई विश्वास गर्दा धर्मी ठहरिनेछ। यो शुभ समाचार धेरै वर्ष अघि अब्राहमलाई नै परमेश्वरले सुनाउनुभएको थियो।

उहाँले भन्नु भएको थियो :“तिम्रै कारणले सारा राष्ट्रहरूले आशिष पाउनेछन् " )गलती ३:८ रूपान्तरित(। पावलले यो पनि लेख्दछन् कि त्यो सुसमाचार अब्राहमलाईमात्र सुनाइएको थिएन ,तर त्यो सुसमाचार सुनाउने परमेश्वर नै हुनुहुन्थ्यो। त्यसकारण त्यो सुसमाचार त सत्य सुसमाचार नै हुनुपर्दछ भनेर पावलले जिकिर गर्दछन्। तर परमेश्वरद्वारा अब्राहमलाई त्यो सुसमाचार कहिले सुनाइयो त ?जब परमेश्वरवाट अब्राहमलाई बोलावट भयो भनेर उत्पत्ति १२:१-३मा उल्लेख गरिएको थियो तब त्यसैबेला परमेश्वरले उनीसँग करार बाँध्नुभएको थियो भनेर पावलले उत्पत्ति १२:३लाई औंल्याएर सुसमाचारको पक्षमा आफ्नो तर्क प्रस्तुत गर्दछ।

**उत्पत्ति १२:१-३मा उल्लेख गरिए अनुसार परमेश्वरले अब्राहमसँग के करार बाँध्नु भएको थियो? हेर्नुहोस्: "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, “तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ “म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष्दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष्दिनेहरूलाई म आशिष्दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष्पाउनेछन्।**

परमेश्वरले अब्राहमलाई गर्नुभएको बाचामा नै उनीसँग गरेको करार वा सम्झौताको आधार थियो। परमेश्वरले अब्राहमलाई यसरी चार पल्ट बाचा बाँध्नु भएको थियो ,“म गर्छु। "अब्राहमसँग परमेश्वरले जनाउनुभएको प्रतिवद्धता अचम्मको छ किनकि त्यो सम्पूर्ण प्रतिवद्धता वा वाचा परमेश्वर आफ्नै पक्षबाट मात्र गर्नुभएको थियो। परमेश्वरले त्यो बाचा दिनुभएको समयमा अब्राहमले केहि पनि गरेका थिएनन् ,न त उनले परमेश्वरसँग कुनै बाचानै बाँध्दछन्। प्रायजसो मानिसहरूले परमेश्वरको बारेमा यसरी सोच्दैनन्। प्रायजसो हामी परमेश्वरसँग प्रतिज्ञा गर्छौं वा वाचा बाँध्छौं वा सेवा गर्न अर्पण गर्दछौं यदि उहाँले हाम्रो निम्ति केहि गर्नुभयो वा गर्नुहुनेछ भन्ने परिवेशमा मात्र। तर यसैलाई नै अङ्ग्रेजीमा लिगालिजम legalism वा विधिपरायणता भन्दछ। यसको अर्थ मैले मुक्ति पाउन बडो भलादमी भएर असल कामको अधीन अपनाउनु पर्दछ वा धर्मकर्म गर्नुपर्छ वा रितिथिति मान्नु पर्छ भन्ने मनस्थितिलाई दिमागमा जरा गाड्नु हो। तर परमेश्वरले अब्राहमलाई केहि प्रतिज्ञा गर भन्नुभएको थिएन। केवल उहाँले गर्नुभएको वाचा वा प्रतिज्ञालाई विश्वासद्वारा अब्राहमले स्वीकार गरोस् भनेर उहाँले चाहनुभएको थियो। सुरूमा यो सजिलो कार्य त थिएन किनकि सम्पूर्ण भरोसा आफूमा होइन तर परमेश्वरमा राख्न उनले सिक्नु परेको थियो )उदाहरणमा हेर्नुहोस् :उत्पत्ति २२

जब परमेश्वरले अब्राहमलाई आफ्नो एकमात्र छोरोलाई उहाँलाई अर्पण गर्न अऱ्हाउनुभएको थियो। जुन आह्वान अब्राहमलाई गरिएको थियो वा जुन बोलावट अब्राहमलाई गरिएको थियो ,त्यहि नै सुसमाचारको आधार थियो ,जुन कि विश्वासद्वारा मात्र मुक्ति पाउनु।

कसै-कसैले भन्छन् ए ,त्यसो भए बाइबलले दुई किसिमको मुक्तिको बाटो देखाउँदो रहेछ। पुरानो करारको समयमा परमेश्वरका आज्ञाहरू पालन गर्नु नै मुक्तिको आधार थियो भनेर तिनीहरूले दावी गर्दछन्। अनि जब मानिसहरूले परमेश्वरको व्यवस्था पालन गर्न चुक्न थाले तब परमेश्वरले त्यसलाई खारेज गर्नुभयो र व्यवस्थालाई निकम्मा तुल्याएर मुक्ति पाउन केवल विश्वास गरेर मात्र सम्भव हुन्छ भनेर तिनीहरूले सिकाउँदछन्। यो धारणा सत्यबाट टाढा त छैन। सुसमाचार केवल एक मात्र छ जुन परमेश्वरमाथि विश्वास गरेरमात्र पाइन्छ भनेर पावलले गलाती १:७मा जोडदार आफ्नो तर्क प्रस्तुत गर्दछन्।

**परमेश्वरमाथि आस्था वा विश्वासको आधारमा मात्र मुक्ति पाइन्छ भन्ने उदाहरणहरू पुरानो करारमा कहाँ कहाँ पाइन्छ के तपाईंलाई थाहा छ ?हेर्नुहोस् त केहि उदाहरणहरू :लेबी १७:११ "किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ। मैले रगतचाहिँ वेदीमा तिमीहरूको निम्ति प्रायश्चित गर्नलाई दिएको छु, किनभने रगतद्वारा नै मानिसका जीवनको निम्ति प्रायश्चित गरिन्छ।", भजन ३२:१-५ "१ धन्य त्यो व्यक्ति, जसका अपराध क्षमा भएको छ, र जसका पाप ढाकिएका छन्। २ त्यो मानिस धन्य हो, जसलाई परमप्रभुले दोषी ठहराउनुहुन्न, र जसको मनमा छलकपट छैन। ३ जब म मौन रहें, दिनभरिको मेरो करुण-क्रन्दनले मेरा हाड्हरू खिइएर गए। ४ किनकि दिनरात तपाईंका बाहुलीको भार ममाथि रह्यो। मेरो शरीरको शक्ति ग्रीष्मको तापले भएझैं सुकिसकेको थियो। सेला ५ तब मैले आफ्नो पाप तपाईंको सामुन्ने स्वीकार गरें, र मेरो अधर्म मैले लुकाइनँ। मैले भनें, "म आफ्ना अपराध परमप्रभुको सामुन्ने स्वीकार गर्नेछु।" र तपाईंले मेरो पापको दोष क्षमा गर्नुभयो। सेला।", २ सामुयल १२:१-१४ "९ तर तिमीले उहाँको दृष्टिमा जे खराब थियो त्यो गरेर किन परमप्रभुको वचनलाई तुच्छ ठान्यौ? तिमीले हित्ती उरियाहलाई तरवारले मार्‍यौ, र तिमीले त्यसकी पत्नीलाई आफ्नी बनाउन लग्यौ। तिमीले त्यस मानिसलाई अम्मोनीहरूको तरवारले मर्न दियौ। १० तिमीले मलाई तुच्छ ठानेको हुनाले र हित्ती उरियाहकी पत्नीलाई तिमीले आफ्नी पत्नी तुल्याउनलाई लगेको हुनाले, तिम्रो घरानाले कहिल्यै तरवारबाट विश्राम पाउनेछैन'। ११ "परमप्रभु भन्नुहुन्छः 'म तिम्रो आफ्नै घरानाभित्रबाट तिमीमाथि विपद्ल्याउनेछु। म तिम्रा पत्नीहरूलाई लिएर तिम्रै आँखाको सामुन्ने तिम्रो नजिकको मानिसलाई**

दिनेछु, र त्यो दिउँसै तिनीहरूसित सुत्नेछ। १२ तिमीले जे गर्‍यौ त्यो गुप्तमा गर्‍यौ, तर म योचाहिँ सारा इस्राएलले देख्ने गरी दिनको उज्यालोमा गर्नेछु'।" १३ तब दाऊदले नातानलाई भने, "मैले परमप्रभुको विरुद्धमा पाप गरें।" नातानले तिनलाई जवाफ दिए, "परमप्रभुले तपाईंको पाप लगिदिनुभएको छ। तपाईं मर्नुहुनेछैन। १४ तर यस कामद्वारा तपाईंले परमप्रभुका शत्रुहरूलाई भयङ्कर घृणाको मौका दिनुभयो, यसैले तपाईंबाट जन्मेको छोरोचाहिँ मर्नेछ।" र जाकरिय ३:१-५ "१ बागी, अशुद्ध र अत्याचारी सहरलाई धिक्कार! २ त्यसले कसैको आज्ञा मान्दैन, सही कुरालाई ग्रहण गर्दैन। त्यसले परमप्रभुमा भरोसा राख्दैन, त्यो आफ्ना परमेश्वरको नजिकमा आउँदैन। ३ त्यसका अधिकारीहरू गर्जने सिंहहरू, र त्यसका शासकहरूचाहिँ बिहानसम्म केही बाँकी नराख्ने साँझका ब्वाँसाहरू हुन्। ४ त्यसका अगमवक्ताहरू हठी छन्। तिनीहरू विश्वासघाती मानिसहरू हुन्। त्यसका पूजाहारीहरूले पवित्रस्थानलाई अशुद्ध पार्छन्, र तिनीहरूले व्यवस्थालाई उल्टापाल्टा पार्छन्। ५ त्यसको बीचमा रहनुभएको परमप्रभु धर्मात्मा हुनुहुन्छ। उहाँ कुनै खराबी गर्नुहुन्न। उहाँले बिहानैपिच्छे न्याय गर्नुहुन्छ। प्रत्येक नयाँ दिन उहाँ चुक्नुहुन्न, तापनि अधर्मीलाई लाज लाग्दैन।"सस्तो अनुग्रह "वा "बिनासित्ति पाएको अनुग्रह वा परमेश्वरको सदाशयता" वा "भाग्यले पाएका" भन्ने शब्दहरू कतिपय मानिसहरूले प्रयोग गर्दछन्। तर याद गर्नुहोस् ,यो आधारहिन तर्क हो। अनुग्रह भनेको सस्तो वा विनासित्ति वा बजारमा किनबेच गर्ने जस्तो होइन। हो ,अनुग्रह हामीले सित्तैमा पाउने परमेश्वरको बरदान हो। तर यदि हामीले धर्मकर्म वा रितिथिति अपनाएर जोड्न सक्छौं भन्ने मनस्थिति बोक्यौं भने त्यो अनुग्रहको औचित्यलाई समाप्त गर्दछौं। फेरि अनुग्रहले मुक्ति पाइहाल्छौं भनेर बहाना बनाउँदै पाप गर्न थाल्यौं भने पनि परमेश्वरबाट पाएको मुफ्त अनुग्रहलाई निकम्मा पार्दछौं। तपाईंको आफ्नै अनुभवमा ती दुई धारणामा कुन धारणलाई अपनाएर दोषी ठहरिनुभएको छ ?त्यसलाई तपाईंले कसरी रोक्ने?

## ५. श्रापबाट मुक्त (गलाती ३:९-१४)

व्यवस्थाका कामहरूमाथि भर पर्ने सबै श्रापित छन् ,किनकि धर्मशास्त्रमा यसो लेखिएको छ ,"व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रापित हुन्छ।' "व्यवस्था २७:२६लाई उद्धृत गर्दै पावलले गलाती ३:१०मा सुरो भएर प्रस्तुत गरेको अभिव्यक्तिप्रति उनको बिरोधीहरूलाई धक्का त जरुर पर्‍यो होला। किनकि ती यहूदी इसाईहरूले आफू श्रापमा परेका छन् भनेर कहिल्यै पनि सोचेका थिएनन्। बरू उनीहरूको व्यवस्था पालन वा परम्परालाई पछ्याउँदा आफूहरू आशिषित र स्वःत धर्मी

हुने अपेक्षा राखेका थिए। तर पावलले आफ्नो नीति अत्यन्त स्पष्ट रूपमा सबैको सामु बाइबलबाटै राख्दछ।

यहाँ पावलले दुई धारलाई स्पष्ट रूपमा प्रस्तुत गरेको पाउँछौं : विश्वासद्वारा मुक्ति )मोक्ष प्राप्त गर्नु (वा कामद्वारा मुक्ति। व्यवस्था २७ र २८मा उल्लेख गरिएको आशिष र श्रापको करारको खाका स्पष्ट छ। जसले आज्ञा पालन गरे ,त्यसले आशिष पाउँछ। र जसले परमेश्वरको व्यवस्थाको अवज्ञा गर्दछ त्यसले श्राप पाउनेछ। यसको अर्थ परमेश्वरको ग्रहणयोग्य हुन कोहि व्यवस्था पालनमा भर पर्छ भने उसले ब्यवस्थाका सबै अधीन तथा रितिथितिलाई पालन गर्नु आवश्यक हुन्छ। आफू खुशी रितिथिति पालन गर्न हामीलाई छुट छैन। अनि हामीले अलिकति यता अलिकति उता गलत काम गर्दा वा विधिलाई पूरा नगर्दा परमेश्वरले वास्ता गर्नुहुन्न भन्ने सोच्नु पनि हुन्न। मुक्ति पाउन कि त सबै व्यवस्थाका विधिहरू पालन गर्नुपर्छ कि पर्दैन? ती दुईको विकल्प अरू छैन।

अनि यो त गैर-यहूदीको निम्ति खुशीको खबर होइन। न त पावलको परम्परावादी यहूदी बिरोधीहरूको निम्ति। किनभने हामी “सबै जनाले पाप गरेकाछौं ,र परमेश्वरको महिमारहित भएका छौं।) "रोमी ३:२३(। हामी जतिसुकै असल हुन प्रयास गरेतापनि व्यवस्थाले हामी व्यवस्था भङ्ग गर्ने व्यक्ति भनेर चिनि नै रहनेछौं।

**खीष्टले हामीलाई व्यवस्थाको श्रापबाट कसरी स्वतन्त्र बनाउनुभयो** ? **हेर्नुहोस्: गलाती ३:११-१४ " ११ परमेश्वरको दृष्टिमा व्यवस्थाबाट कोही मानिस धर्मी ठहरिँदैन भन्ने कुरा प्रत्यक्ष छ। किनभने “धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।” १२ व्यवस्थाचाहिँ विश्वासमाथि आधारित छैन, बरु “जुन मानिसले यी काम गर्छ, त्यो तिनैद्वारा जिउनेछ।” १३ हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि “काठमा झुण्डिने हरेक श्रापित हुन्छ” भन्ने लेखिएको छ। १४ उहाँले हामीलाई मोल तिरेर छुटाउनुभयो, ताकि अब्राहामलाई दिइएको आशिष्ख्रीष्ट येशूद्वारा अन्यजातिहरूमा आओस्, र हामी विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सकौं।" र २ कोरन्थी ५:२१ " किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।"**

परमेश्वरले येशू खीष्टद्वारा हामीलाई के गर्नुभयो भनेर वाख्या गर्न अर्को प्रतीकलाई पावलले चिन्हाउँदछन्। “मुक्त पार्नु "वा “रिहा गर्नु" अङ्ग्रेजीमा रिडिम redeem को अर्थ “रकम तिरेर छुटाउनु वा उद्धार गर्नु " हो। यो वन्धक मानिसलाई वा दासलाई मोल तिरेर छुटाउन प्रयोग गर्ने शब्द

हो। पापको ज्याला मृत्यु भएकै कारणले पुरा व्यवस्था पालन गर्न नसक्नेलाई मृत्युको फैसला सुनाइन्छ। आज्ञा पालन असफल भयो भने त्यो श्रापित हुन्छ जसको नतिजा मृत्यु हो। त्यसकारण मृत्युको वन्धकमा परेको हामीलाई छुटाउन जुन मोल परमेश्वरले तिर्नुभयो त्यो सस्तो वा कम दामको थिएन। आफ्नै पुत्रलाई बाजी राखेर वा बलि दिलाएर परमेश्वरले हामीलाई किन्नु भएको थियो )यूहन्ना ३:१६(। हाम्रो पापको लागि क्रुसमा हामी मर्नु पर्ने ठाउँमा येशू मर्नुभएर पापको श्राप वा वन्धकबाट उहाँले हामीलाई राहत दिनुभयो वा मुक्त गर्नुभयो )१ कोरन्थी ६:२० ,१ कोरन्थी ७:२३(। स्वइच्छाले हाम्रो श्राप उहाँले बोक्नुभयो र पापको पूरा दाम हाम्रो निम्ति उहाँले तिरी दिनुभयो )२ कोरन्थी ५:२१(।

आफ्नो तर्कलाई प्रमाणित गर्न पावलले व्यवस्था २१:२३लाई प्रयोग गर्दछन्। यदि कुनै मानिसलाई मृत्यु दण्डपछि रुखमा झुण्डाइन्छ भने त्यो मानिस परमेश्वरको श्रापमा पर्दछ भन्ने यहूदी परम्परा छ। क्रुस वा रुखमा झुण्डिनु भएको येशू श्रापको उदाहरण थियो भनेर जनमानसको सोच थियो ) प्रेरित ५:३० ,१ पत्रुस २:२४(।

मसीह परमेश्वरको श्रापमा परेको व्यक्तित्व हुनुहुन्छ भन्ने तर्क नै कतिपय यहूदीहरूको निम्ति ठेस खाने ढुँगा वा अल्झिने धारणा भएको थियो भन्ने कुरामा अचम्म मान्नु पर्दैन। तर यो परमेश्वरको योजना मुताविक नै भएको थियो। हो ,मसीह वा हाम्रो मुक्तिदाताले हाम्रो श्राप बोक्नुभयो। तर उहाँको आफ्नो श्राप त होइन नि !त्यो श्राप हाम्रै थियो। अर्थात् हामीमाथि थुपारिएको श्राप उहाँले बोक्नुभयो।

**उपसंहारः**

थप जानकारी :“हाम्रो सट्टामा मर्नुभएको येशू ख्रीष्टमाथि हाम्रो सबैको पापको जमानी थुपारिएको थियो। उहाँलाई आज्ञा भङ्ग गर्नेमा गनियो किनभने व्यवस्थाको श्रापबाट उहाँले हामीलाई बचाउन चाहनुभएको थियो। आदमका प्रत्येक भविष्यका बालकको दोष उहाँको हृदयमा थिचिरहेको थियो। पापप्रति परमेश्वरको क्रोध अत्यन्त महान् थियो। पापप्रति परमेश्वरले देखाउनुभएको भयङ्कर रुष्ट वा अप्रसन्नको उदाहरणले उहाँको पुत्रको आत्मा अत्यन्त बेदनाले भरिएको थियो। परमेश्वर पिताको करुणा र उहाँको सदाशयता अर्थात् क्षमाशील प्रेमको सुसमाचार ख्रीष्टले आफ्नो जीवनभरि पतित संसारलाई प्रचार गर्नुभएको थियो। पापीमानिसको महापापबाट मुक्ति दिलाउने नै येशूको जीवनको मूल उद्देश्य थियो। जव मृत्युको संघारमा उहाँ आउनुभयो तब उहाँले दोष वा पापको भयङ्कर भार उहाँले बोकिरहनुभएको थियो। त्यस बोझमा आफ्नो पिताको मिलनसिल अनुहार उहाँले देख्न सक्नुभएन। येशूले महान् बेदना खपिरहेको बेला जब आफ्नो पिताको अनुहार उहाँले देख्न सक्नुभएन त्यसबेला उहाँको हृदय कस्तो शोकाकुल भएर टुक्रिएको थियो ,

त्यो मानव जातिले कहिल्यै पनि बुझ्न सक्दैनन्। उहाँको बेदना यस्तो कडा थियो कि उहाँले शारीरिक कष्टको अनुभव गर्न सक्नुभएन।" एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ७५३बाट रूपान्तरित।

"सत्यको चिराक वा ज्वाला बोक्ने अग्रजको रूपमा निडर भएर मार्टिन लुथर आफ्नो काममा पसेका थिए। भित्री हृदयदेखि गम्भीर भएर चर्चमा उनका आवाजहरू घन्केको मानिसहरूले सुनेका थिए। पापको घिनलाग्दो चरित्रलाई उघार्दै मानिसहरूले आफ्नै अथक प्रयासद्वारा त्यसबाट निर्दोष सावित हुन वा उम्कन असम्भव छ भनेर उनले मानिसहरूको सामु प्रस्तुत गरेका थिए। परमेश्वरको सामु पश्चाताप गर्नु र विश्वासद्वारा ख्रीष्टलाई ग्रहण गर्नु बाहेक कुनैले पनि पापीलाई मुक्ति दिन सक्दैन। येशू ख्रीष्टको अनुग्रह किन्न सकिन्दैनः यो सित्तैंमा पाइने उपहार हो। (तत्कालीन पोपका अनुयायी फादरहरूले बेचिरहेका) पापबाट मुक्त पाउने इजाजत नकिन्न लुथरले आह्वान गरेका थिए। तर क्रुसमा टाँगिएका मुक्तिदातालाई विश्वासको आँखाले हेरिरहन उनले आवाज उठाएका थिए। ***'-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. १२९बाट रूपान्तरित।***

**चिन्तनमनन्:**

क) हाम्रो धर्मकर्म वा परोपकारी वा असल कामबाट होइन तर येशूद्वारा पाइएको परमेश्वरको अनुग्रहले मात्र हामीले मुक्ति पाउँछौं भन्ने धारणालाई आत्मसात् गर्न हाम्रै चर्चका कतिपय बिश्वासीहरूलाई स्वीकार गर्न कठिन भइरहेको हामी पाउँछौं। हामी मध्ये कतिपयले त्यस महत्त्वपूर्ण तथा अपरिहार्य सत्यलाई बुझ्न किन ढिलो भएको महशुस गरिएका छौं ?त्यसको कारण के हो?

ख) धर्मकर्म वा कामदामद्वारा मुक्ति पाइन्छ भनेर सिकाउने धार्मिक गलत धारणालाई पावलले कडा शब्दमा बिरोध जनाएका थिए। होसियारसाथ बाइबल अध्ययन गर्नुपर्ने महत्त्वपूर्ण कुरालाई त्यसले के भन्दछ ? हामीहरूकै बीचमा भ्रामक शिक्षादीक्षा फैलाइएको परिप्रेक्ष्यमा त्यसको प्रतिकार गर्न कसरी चर्च एक ढिक्का भएर खडा हुनसक्दछ?

**सारांश :**

इसाई जीवनको सुरूदेखि अन्तसम्म सबैले यो आत्मज्ञान पाउन जरुरी छ कि येशूमाथिको विश्वासद्वारा मात्र हामीले मुक्ति पाउँछौं। जब परमेश्वरको प्रतिज्ञामा अब्रहामले तत्कालै विश्वास गरेका थिए, त्यहि बेला नै उनलाई धर्मी व्यक्ति भनेर ठहर गरिएको थियो। अनि त्यहि अब्रहामको विश्वासको सहभागी हुने प्रत्येक व्यक्तिलाई आज पनि त्यो धार्मिकताको बरदान उपलब्ध गराइएको छ। हामीले गर्दा येशूमा थुपारिएको दोष र हाम्रो निम्ति उहाँले पापको मोल तिरेर मर्नुभएको कारणे मात्र हामीहरू निर्दोष सावित भएका छौं।

# शैतानले अब पत्थरहरू फ्याँक्न छोड्यो

यरकैया र चिनामनी भारतको पूर्वी प्रान्तको एक सानो गाउँमा बस्दथे। तिनीहरू अरूहरूको खेतमा ज्यालादारी काम गर्दथे। तिनीहरू अरूको खेतमा धानबाली लगाउने काम गर्थे। तिनीहरूको ढाडै दुःख्ने कामबाट केवल ४५ रुपैयाँ भारु कमाउँथे। त्यो एक डलर भन्दा कम थियो। त्यसले केवल दैनिक जीविका मात्र चलाउँथ्यो तर त्यतिले तिनीहरूलाई जीवन धान्न मुस्किल थियो। फेरि त्यसमा पनि यरकैया आफ्नो गाउँको अगुवा पनि थियो। त्यो अभिभारा पनि उसको निम्ति सजिलो थिएन।

एक रात तिनीहरूको टायलको छाना भएको घरमा दुष्ट आत्माहरूले ठूला ठूला ढुँङ्गा बर्षाउन थाले। त्यो ढुङ्गा हान्ने काम तिनीहरूलाई सुत्नै नदिइकन राती राती निरन्तर रूपमा हुन थाल्यो। तिनीहरूको घरको छेउमा एउटा रुख थियो जहाँ दुष्ट आत्माहरू बास बस्दथे। त्यस रूखलाई काट्न तिनीहरूले आँट गरेनन् किनभने तिनीहरू ती आत्माहरूसँग डराएका थिए। यदि रुख काटियो भने झन नराम्रो बिपद पो आउँछ कि भन्ने तिनीहरूलाई डर थियो। आफ्नो गाउँमा भएका सबै देवी देवताहरूलाई पूजा आजा गरे, ती देवताहरूलाई खुशी पार्न तिनीहरूले विभिन्न थोकहरू चढाए र कति बलिहरू चढाए। तर जे गरे पनि तिनीहरूको छानामा ढुङ्गा बर्षिन छोडेन। टाढा गाउँमा गएर बिभिन्न जादुगर, टुनामुना गर्ने र झाँक्रीहरूकहाँ गएर आफूसँग भएको भएभरको पैसा दिएर शान्त गराउन खोजे। तर जब तिनीहरू घर फर्के आफ्ना पैसाहरूमात्र ती जादुगर, टुनामुना गर्ने र झाँक्रीहरूले तिनीहरूबाट झारे आफ्नो घरमा आउँदा त झन धेरै ढुङ्गाहरू बर्षिएको देखे। तिनीहरू फर्केको रात त झन धेरै ढुङ्गाहरू खसेका थिए। ती दुष्ट आत्माहरूबाट तिनीहरू वर्षभरि नै सताइए।

एक दिन एक जना एस. एस. राव नाउँ गरेको सेभेन्थडे एडभेन्टिस्ट पास्टर त्यस गाउँमा आए। उनले यराकैयालाई भेटे र आफ्नो पहिचान सुनाइदिए। यराकैयालाई आफू त्यस गाउँमा आएको कारण त्यस पास्टरले सुनाइ दिए। उनले भने कि उनी त्यस गाउँमा जीवित परमेश्वरको बारेमा सिकाउन आएको हो, किनभने उहाँले तिनीहरूलाई प्रेम गर्नुहुन्छ र तिनीहरू

मुक्ति पाउन् भन्ने उहाँको चाहना हो। यराकैया आफ्नो आँगनमा बसेर उक्त पास्टरको कुरा सुनिरहे। यराकैया रक्सी खाएर बसेको हुनाले उसले पास्टरले भनेका कुराहरू कति सुने सो पास्टरलाई थाहा भएन। अन्तमा आएर यराकैयालाई पास्टरले सोधे कि उसको गाउँमा मानिसहरूको जीवनलाई सुधार्न म के गर्न सक्छु?"

यराकैया उक्त पास्टरको अनुहारमा हेरेर चिच्याए, "यदि तपाईंको परमेश्वर सत्य परमेश्वर हो भने मलाई देखाइदिनुहोस्। दुष्ट आत्माहरूले मेरो छानामा ढुङ्गाहरू बर्षाएर हामीलाई दुःख दिइरहेका छन्। त्यसलाई रोकि दिनुहोस् अनि म तपाईंको परमेश्वरलाई विश्वास गर्नेछु।"

पास्टरले यराकैयाको दुःखलाई गम्भीर भएर सुने र भने, मेरो परमेश्वर दुष्ट आत्मा वा शैतानभन्दा बलियो हुनुहुन्छ भनेर म प्रमाण गरेर देखाउँछु। यस गाउँमा म प्रचारको सभा राख्नेछु। यदि दुष्ट आत्माहरूले आराधना सभा भइरहेको बेलामा ढुङ्गाहरू बर्षाउन थाल्यो भने म परमेश्वरसँग प्रार्थना गर्नेछु। उहाँले ढुङ्गा बर्षाउने कामहरूलाई रोकिदिनुहुनेछ। यदि दुष्ट आत्माहरूले ढुङ्गा बर्षाउन छोडे भने तपाईंले थाहा पाउनुहुनेछ कि स्वर्गमा रहनुहुने परमेश्वर सत्य हुनुहुन्छ र उहाँ जीवित हुनुहुन्छ।" पास्टरको प्रस्तावलाई यराकैयाले समर्थन जनाए।